*Unity Journal*
Vol.IV, 355-371, Feb 2023
Doi:https://doi.org/10.3126/unityj.v4i01.52261
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal.

# सैनिक पत्रकारिता र नेपाली सेना

**यतिष ओझा***

## लेखसार

वैधानिक राजनीतिक नेतृत्व र सैन्यसंस्थाबीचको सम्बन्धलाई नागरिक-सैनिक सम्बन्ध भनिन्छ । नागरिक-सैनिक सम्बन्ध अन्तर्गत सैन्य निकायहरू विभिन्न गतिविधिमा संलग्न हुन्छन् । साङ्ग्रामिक कार्यमा मात्र नभई अन्य क्षेत्रमा समेत सेनाको संलग्नता विश्वभरि नै देखिन्छ । यस लेखमा विशेषतः गैरसाङ्ग्रामिक गतिविधि अन्तर्गत नेपाली सेनाको सैनिक पत्रकारिताको वर्णन गरिएको छ । सेनाका गतिविधिमा पारदर्शिता र सूचनाको प्रसारका निमित्त सैनिक पत्रकारिता महत्त्वपूर्ण रहन्छ । सेनाले गर्ने पत्रकारिताले सैन्य शक्तिको लोकतन्त्रीकरण र सेनामा नागरिक सर्वोच्चताको आधार मजबूत बनाउँछ । नेपाली सेनाले पत्रकारिताका विभिन्न माध्यम छापा, रेडियो, टेलिभिजन र अनलाइनबाट विभिन्न सामग्री प्रकाशन, प्रसारण गर्दै आएको छ । जस्तैः 'सिपाही' पाक्षिक पत्रिका, नेपाली सेना रेडियो कार्यक्रम, माटोले माग्दैन आफैँले दिनुपर्छ टेलिभिजन कार्यक्रम, आदि । यी गतिविधिले नागरिकलाई राष्ट्रियता, राष्ट्रिय एकता, स्वाधीनता र भौगोलिक अखण्डताको पक्षमा अभिप्रेरित गरिरहेका छन् । सूचनाको प्रसार, नागरिक सैनिक सम्बन्धको सबलीकरण र राष्ट्रिय एकताको संवर्द्धन लगायतका क्षेत्रमा सैनिक पत्रकारिताको महत्त्व झल्किन्छ । यस लेखमा नागरिक-सैनिक सम्बन्धको अवधारणा, यसको उत्पत्ति र विकासक्रमको वर्णन गरिएको छ । सेनाले सैनिक पत्रकारिताको प्रयोग गर्ने अन्तरराष्ट्रिय अभ्याससँगसँगै नेपाली सेनाको पत्रकारिताको ऐतिहासिक पृष्ठभूमि र वर्तमान अवस्थाको विवेचना गरिएको छ । प्रथम र द्वितीय स्रोतका सामग्रीको प्रयोग गरेर तयार पारिएको यो लेख वर्णनात्मक, तुलनात्मक र गुणात्मक विश्लेषण शैलीमा आधारित छ । विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय प्रकाशन, विदेशी सेनाको पत्रकारितासम्बन्धी लेख, नेपाली सेनाका प्रकाशन आदि दस्तावेजलाई आधार मानेर अध्ययन गरिएको छ । यस अध्ययनले नेपाली सेना पत्रकारिताका अनेक माध्यममा सक्रिय रहेको देखाउँछ । राष्ट्रिय अखण्डता र एकताको प्रवर्द्धनका साथै सार्वजनिक सम्बन्धविस्तारमा पनि नेपाली सेनाको पत्रकारिताले सकारात्मक भूमिका खेलेको छ ।

**शब्दकुञ्जीः** नेपाली सेना, सैनिक पत्रकारिता, नागरिक-सैनिक सम्बन्ध, गैर-साङ्ग्रामिक गतिविधि, सेनाको लोकतन्त्रीकरण ।

* Student of B.A.LL.B at Nepal Law Campus, Tribhuvan University
Email ID : hrishyat@gmail.com

## पृष्ठभूमि

सैनिक सङ्गठन मुख्य रूपमा बाह्य शक्तिबाट राष्ट्रको सुरक्षाका निम्ति गठन भएका सङ्गठन हुन् । स्वतन्त्रता, भौगोलिक अखण्डता, सार्वभौमसत्ता, स्वाधीनता, राष्ट्रिय एकताको रक्षाका निमित्त सैनिक सङ्गठनलाई नागरिकले शस्त्र सहितको अख्तियार दिएका हुन्छन् । विगतमा सामरिक कार्यमा मात्र संलग्न हुँदै आएका सैन्य सङ्गठन अहिले गैर-सामरिक गतिविधिमा समेत संलग्न हुन्छन् । युद्धका समयमा मात्र नभई शान्तिका समयमा पनि जनसम्पर्क विस्तारका विभिन्न कार्यमा सैनिक निकाय सक्रिय देखिन्छन् । संयुक्त राज्य अमेरिकाको सेनाले सन् १८६० मा सिग्नल अफिसरको नियुक्ति गरेर आन्तरिक सञ्चार प्रयोजनका लागि सिग्नल कर्प्सको विधिवत सुरुवात गरेको थियो (Raines, 1996, p. 3) . अहिले आन्तरिक सम्पर्क प्रयोजनका लागि मात्र नभई सार्वजनिक सञ्चारका लागि समेत सैन्य सङ्गठनले छुट्टै विभाग वा निर्देशनालय गठन गरेका हुन्छन् (नेपाली सेना, २०२२) ।

जनसम्पर्क विस्तार गर्ने माध्यमका रूपमा सैन्य सङ्गठनले सूचना प्रचारप्रसारका लागि पत्रकारिताको प्रयोग गर्ने गर्दछन् । यस लेखको प्रयोजनका लागि सैनिक पत्रकारिता भन्नाले सेनाले आफ्ना गतिविधि, सूचना र समाचार प्रचारप्रसारका लागि सञ्चारका विभिन्न माध्यमको प्रयोग गर्ने प्रक्रिया हो (Nanavatty, 2009, p. 137) । यहाँ प्रयोग गरिएको सैनिक पत्रकारिताले सैन्य सङ्गठन आम सञ्चारजस्तो सक्रिय पत्रकारितामै संलग्न रहेको छ भन्ने अर्थ दिँदैन । जनसम्पर्क विस्तार सँगसँगै सैनिक पत्रकारिता मार्फत् सेनाले नागरिक-सैनिक सम्बन्ध (Civil Military Relations) को नागरिक नियन्त्रण (Civilians Control) मा रहने अभ्यास पनि गरिरहेको हुन्छ । नागरिकप्रति उत्तरदायी, जवाफदेही र पारदर्शी रहनका लागि सैनिक पत्रकारिताको प्रयोग गरिन्छ । यसरी सैनिक पत्रकारिता नागरिक-सैनिक सम्बन्धको एउटा औजार पनि हो ।

## अनुसन्धान विधि

यस अध्ययनमा मूलतः वर्णनात्मक, तुलनात्मक र गुणात्मक अनुसन्धान विधिको प्रयोग गरिएको छ । गुणात्मक विश्लेषण शैलीमा तयार पारिएको यस लेखमा प्रथम र द्वितीय स्रोतका सामग्री प्रयोग गरिएको छ । सम्बन्धित विषयमा प्रकाशित अनुसन्धानात्मक लेख, पुस्तक र अध्ययन प्रतिवेदनका साथै सम्बन्धित क्षेत्रका जानकारसँगको अन्तरक्रिया नै यस अध्ययनका मुख्य आधार हुन् ।

विभिन्न राष्ट्रिय, अन्तरराष्ट्रिय प्रकाशन, विदेशी सेनाको पत्रकारितासम्बन्धी लेख, नेपाली सेनाका प्रकाशन आदि दस्तावेजलाई आधार मानेर यो अध्ययन गरिएको छ । नेपाली सेनाको प्रकाशन र प्रसारणसम्बन्धी तथ्याङ्क सङ्कलन गरेर तिनको सूक्ष्म विश्लेषण गरी अध्ययनको निष्कर्ष निकालिएको छ ।

## कृति समीक्षा

सेना (Military), नागरिक (Civilians) र समाज (Society) बीचको सम्बन्ध के हो ? र कस्तो हुनुपर्छ ? भन्ने विषयमा हजारौं वर्षअघिका प्लेटोदेखि उन्नाइसौं शताब्दीका विश्वविख्यात लेखकहरू सन् चु र क्लजविच, बीसौं शताब्दीका लाज्वेल, हन्टिङटन, जानोविच मात्रै होइन नेपालका राजा पृथ्वी नारायण शाहसम्मले चर्चा गरेको भेटिन्छ । (Feaver, 1999, p. 212) कुनै पनि देशका यिनै तीन पात्रका बीचको सम्बन्धलाई बुझाउन ' नागरिक-सैनिक सम्बन्धको प्रयोग गरिन्छ । 'नागरिक-सैनिक सम्बन्ध'को कुनै सर्वमान्य परिभाषा वा सिद्धान्त भने रहेको छैन । यो समयक्रममा क्रमशः विकास र परिष्कृत हुँदै आइरहेको छ ।

प्लेटोले करिब २५०० वर्षअघि आफ्नो कृति 'द रिपब्लिक'मा रक्षकको रखवारी कसले गर्छ ? अर्थात् Who Guards the Guardians ? भनेर सोधेका थिए (Rukavishnikov and Pugh, 2006, p. 135) । यस

प्रश्नको विश्लेषण गर्दा नागरिक-सैनिक सम्बन्ध कस्तो रहनुपर्छ भन्नेबारे पनि उत्तर पाउन सकिन्छ। समाजमा सैन्य शक्तिको स्थापना र प्रयोग हुन आरम्भ भएदेखि नै अस्तित्वमा रहेको विषय - नागरिक सैनिक सम्बन्धमा बीसौं शताब्दीका राजनीतिशास्त्री, समाजशास्त्री, मनोविद्, र अर्थशास्त्री लगायतले समाजविज्ञानको सैद्धान्तिक र व्यावहारिक विधिको प्रयोग गरी अध्ययन अनुसन्धान गर्न सुरु गरेका हुन्।

Classical Theory का प्रतिपादक स्याम्युअल पि. हन्टिङ्टनले नागरिक सैनिक सम्बन्धलाई राष्ट्रिय सुरक्षा नीतिको एक महत्त्वपूर्ण पक्षका रूपमा परिचय दिँदै सेनाको व्यवसायीकरण (Professionalization) र वस्तुगत नागरिक नियन्त्रण (Objective Civilian Control) माथि जोड दिएका छन् (Huntington, 1957, p. 1-2)। राष्ट्रिय सुरक्षा नीति अन्तर्गत पनि सैन्य सुरक्षा नीति (Military Security Policy) को एक महत्त्वपूर्ण संस्थागत अङ्ग (Principal Institutional Component) का रूपमा नागरिक सैनिक सम्बन्धलाई लिइन्छ जस् अन्तर्गत निम्न विषय समाविष्ट हुन्छन्:

१. सैन्य शक्तिको आकार र भर्तीसँग सम्बन्धित परिमाणात्मक (Quantitative) विषय,

२. सैन्य शक्तिको सङ्गठन, संरचना, हात हतियार आदिसँग सम्बन्धित गुणात्मक (Qualitative) विषय र

३. सैन्य शक्तिको प्रयोग कहाँ र कसरी गर्ने भन्ने विषय।

अर्कोतर्फ Sociological School का प्रवर्तक मरिस जानोविचले पनि हन्टिङ्टनले जस्तै नागरिक वृत्त र सैनिक वृत्त फरक फरक रहेको र यी बीच भिन्नता रहेको कुरामा सहमति जनाएका छन् (Janowitz, 1960)। तर सुमधुर सम्बन्ध कायम गर्नका लागि भने सेना र नागरिकलाई छुट्याएर हेर्नुको साटो एकीकृत वृत्तमा ल्याउनुपर्ने उनको सिद्धान्त छ (Caraley, 1960, p. 471)। यसरी दुई शक्तिबीचको अन्तरक्रिया र एकताबाट नै सैन्य दायित्व र नागरिक सुरक्षा दुवै उद्देश्य पूरा गर्न सकिन्छ। व्यावसायिक सैन्य स्वायत्तता कायम राख्दै सेनामाथि नागरिक नियन्त्रण पनि बचाइराख्नु आजको नागरिक सैनिक सम्बन्धको आवश्यकता हो।

हन्टिङ्टनकै Classical Theory लाई परिपूरण गर्दै इलियट कोहेनको Normative Theory ले सैन्य सङ्गठनमा राजनीतिक नेतृत्वको महत्त्व दर्शाएको छ (Cohen, 2002)। यी सिद्धान्त पनि सर्वमान्य र आलोचनारहित भने रहेका छैनन्। स्नाइडर र निएल्सेनले भने Classical Theory अनुसार राजनीतिक र सैन्य मामिलालाई पूर्ण रूपमा छुट्याउनुपर्ने दाबीलाई असम्भव तर्कको संज्ञा दिएका छन् (Collins, 2009, p. 179)। अर्कोतर्फ फिभरको Institutional Theory ले नागरिक सैनिक सम्बन्धलाई साङ्गठनिक संरचनाका आधारमा राजनीतिक नेतृत्वको आदेश र सेनाले त्यसको कार्यान्वयन गर्ने प्रक्रियाको विश्लेषण गरेको छ (Feaver, 2003)।

## नागरिक-सैनिक सम्बन्धको सैद्धान्तिक अवधारणा

कुनैपनि देशका सेना, नागरिक र समाज बीचको सम्बन्धलाई बुझाउन नागरिक सैनिक सम्बन्धको प्रयोग गरिन्छ। नागरिक सैनिक सम्बन्धको अवधारणा सम्बन्धित देश वा समाजको आर्थिक, भौगोलिक, सामाजिक, राजनीतिक अवस्थासँग प्रत्यक्ष जोडिने र ती तत्त्वहरूबाट प्रभावित रहन्छ। सेना नागरिक र समाजको सुरक्षाका लागि स्थापना गरिएको सशस्त्र संस्था हो। यस संस्थालाई शासनपद्धति (Polity) को सुरक्षाका लागि दिइएको शक्ति (Power) कहिलेकाहीं त्यही शासनपद्धतिमाथि नै खतरा बन्ने सम्भावना रहन्छ (Feaver, 1999, p. 212)।

नागरिकको सुरक्षाका लागि गठन भएको संस्था नागरिकमाथि नै हावी हुने सम्भावना नागरिक र सेना दुवैका लागि हितकर मानिँदैन। तसर्थ, दिइएको जिम्मेवारी प्रभावकारी रूपमा कार्यन्वयन गर्न र नागरिक नेतृत्वमाथि

सैन्यशक्ति हावी हुने अवस्था सिर्जना हुन नदिन उपयुक्त नागरिक सैनिक सम्बन्ध कायम गर्नुपर्छ । सामाजिक मूल्य र सैन्य दयित्वबीचको अन्तरक्रिया नै नागरिक सैनिक सम्बन्धको जड हो (Huntington, 1957, p. 1,2) ।

सैन्य शक्तिको जिम्मेवारी (Responsibility) र अख्तियार (Authority) नागरिक शक्तिको नियन्त्रणमा रहनुपर्छ । नागरिक नियन्त्रण भन्नाले प्रजातान्त्रिक रूपमा चुनिएको नागरिक नेतृत्व र सरकारको नियन्त्रण भन्ने बुझिन्छ । यस्तो नागरिक नेतृत्वसँग मात्रै "both the right and authority to be wrong" हुनेगर्छ (Collins, 2009, p. 178) । सैन्य शक्तिले भने आफूलाई प्राप्त अधिकार कुनै पक्षपोषक नहुने किसिमले (non partisan manner) प्रयोग गर्नुपर्छ (Collins, 2009, p. 180) ।

## नेपालमा नागरिक-सैनिक सम्बन्धको उत्पत्ति र विकास

नेपालको सन्दर्भमा वर्तमान नेपाल राज्य औपचारिक रूपमा सन् १७६८-६९ मा राजा पृथ्वीनारायण शाहले नेपाल उपत्यकामाथि विजय हासिल गरेपछि अस्तित्वमा आएको हो । वर्तमान नेपाल बन्नुअघिदेखि नै नेपालमा नागरिक सैनिक सम्बन्धको उपस्थिति भेट्न सकिन्छ (बस्न्यात, २०२०) । गोरखा राज्यको विस्तारका क्रममा समेत स्थिर र सुमधुर नागरिक सैनिक सम्बन्ध रहेको थियो । राजा पृथ्वीनारायण शाहले सदैव सेनामाथि नियन्त्रण र त्यसको स्वायत्तताबीचमा सन्तुलन बनाइराखेका थिए । सैन्य विषयमा निर्णय लिनका लागि पनि उनी सर्वसाधारणको मत, विचार र सहमति लिने गर्दथे । राजा पृथ्वीनारायण नागरिक सैनिक सम्बन्ध र सेनाको व्यावसायिकताबारे त्यतिबेलै जानकार थिए (K.C., 2013, p. 128) ।

जङ्गबहादुरले आफूलाई श्री ३ घोषणा गरेर शासनसत्ता आफ्नो हातमा लिएपछि नेपाली सेना पूर्णरूपमा राणा शासकको नियन्त्रणमा रह्यो (पोखरेल, २०१६) । त्यसपछि वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापना हुनुअघि नेपालमा नागरिक-सैनिक सम्बन्ध अविद्यमानझैँ रह्यो । प्रजातन्त्रमा सेनामाथि नागरिक नियन्त्रण झन् बढी महत्त्वपूर्ण हुनेगर्छ । जबसम्म सैन्य शक्ति पूर्णरूपमा प्रजातान्त्रिक सरकारको नियन्त्रणमा रहँदैन, तबसम्म राज्यका प्रजातान्त्रिक संस्थाहरू बलिया हुन सक्दैनन् (K.C., 2013, p. 123) । वि.सं. २००७ मा प्रजातन्त्र स्थापना भएपश्चात् नेपाली सेना राजाप्रति उत्तरदायी र जवाफदेही भयो । यही समयमा भारतीय सैनिक मिसनको सिफारिसमा नेपाली सेनाको सङ्ख्यासमेत घटाइएको थियो (Basnyat, 2018, p. 48)। वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनाको एक वर्षपछि अर्थात् वि.सं. २००८ सालबाट नेपाली सेनाले रेडियो नेपालमा सैनिक कार्यक्रमको प्रसारण सुरु गऱ्यो (पौडेल, २०२१, पृ. १०५) । नागरिकलाई सैनिक गतिविधि जानकारी दिने प्रयास स्वरूप सुरु गरिएको यो कार्यक्रम नेपालमा नागरिक सैनिक सम्बन्धको विकासमा एक कोसेढुङ्गा बन्न पुग्यो ।

पञ्चायत कालमा राजाप्रति प्रत्यक्ष उत्तरदायी रहेको सेना वि.सं. २०४६ को जनआन्दोलन र पञ्चायतको अन्त्य पश्चात् लोकतन्त्रीकरणको बाटोमा अघि बढेको हो । सेनामा लोकतन्त्रीकरण भन्नाले आवधिक निर्वाचन, बहुमतको निर्णय लगायतका विषयहरू भने पर्दैनन् । प्रजातान्त्रिक रूपमा चुनिएको नागरिक नेतृत्वप्रति वफादार रहेर आफ्नो भूमिका र दायित्व निर्वाह गर्ने सेना निर्माण हुनु नै वास्तवमा सेनाको लोकतन्त्रीकरण हो (Pion-Berlin & Trinkunas, 2005, p. 7) । विभिन्न सञ्चार माध्यमको प्रयोग गरेर सूचना प्रसारण गर्दै नागरिकलाई सेनाले आफ्ना गतिविधिको जानकारी दिनु पनि लोकतन्त्रीकरण अन्तर्गतकै कदम हो ।

वि.सं. २०४७ सालको नेपाल अधिराज्यको संविधानले धारा ११८ र ११९ मा राजालाई सेनाको परमाधिपतिका रूपमा राख्दै राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा शाही नेपाली सेनाको सञ्चालन र प्रयोग गर्ने अधिकार दिएको थियो । वि.सं. २०६३ को राजनीतिक परिवर्तनपछि बल्ल नागरिक-सैनिक सम्बन्धमा युगान्तकारी परिवर्तन देखापरेको

हो । नेपालको अन्तरिम संविधान २०६३ को चौथो संशोधनले धारा १४४ मा प्रावधान थप गर्दै राष्ट्रपतिलाई नेपाली सेनाको परमाधिपतिका रूपमा व्यवस्था गऱ्यो । यसरी इतिहासमा सधै जहानिया राजतन्त्रका उत्तराधिकारीलाई दिदै आइएको परमाधिपतिको हैसियत पहिलोपटक जननिर्वाचित गणतान्त्रिक राष्ट्रप्रमुखलाई दिने व्यवस्था गरियो । यसै संविधानले सेनाको लोकतन्त्रीकरणका निमित्त विस्तृत कार्ययोजना तयार गरेर त्यसलाई कार्यान्वयन गर्ने जिम्मेवारी समेत मन्त्रिपरिषद्लाई दिएको थियो ।

राजतन्त्रको अन्त्यपछि नै सेना र अन्य नागरिक संस्थाहरू- जस्तै नागरिक समाज, राजनीतिक पार्टी, सार्वभौम संसद, सरकार, सञ्चारमाध्यम आदिको बीचमा समन्वय, सहकार्य र अन्तरक्रिया हुन थाल्यो । जसले नेपालमा नागरिक सैनिक सम्बन्धको विकास र सेनाको लोकतन्त्रीकरणको बहस सतहमा आउन थाल्यो (Chand, 2014, p. 1) ।

नेपालको वर्तमान संविधानले धारा ५१(क)(५) अन्तर्गत नेपाली सेनालाई व्यावसायिक र जनउत्तरदायी बनाउने राज्यको नीति व्यवस्था गरेको छ। धारा २६७ ले नेपाली सेनालाई संविधानप्रति प्रतिबद्ध सङ्गठनका रूपमा परिभाषित गर्दै गणतान्त्रिक राष्ट्रपति सेनाको परमाधिपति हुने व्यवस्था गरेको छ। सेनाको परिचालनमा राष्ट्रिय सुरक्षा परिषद्, मन्त्रिपरिषद्, राष्ट्रपति र जननिर्वाचित प्रतिनिधिसभा संलग्न रहन्छन् । यसरी नेपाली सेनाले पूर्णरूपमा नागरिक नेतृत्वको सरकार र सार्वभौम संसदबाट नियन्त्रित, परिचालित रहेर नागरिक सर्वोच्चतालाई अङ्गीकार गरेको छ ।

प्रजातन्त्र नभएको कुनै देशमा सेनामाथि नागरिक नियन्त्रण हुनसक्छ तर नागरिक नियन्त्रण नभएको देशमा भने प्रजातन्त्र भएको मानिँदैन। लोकतन्त्रका विविध तत्त्वहरूमध्ये सेनामाथि नागरिकको नियन्त्रण एक प्रमुख तत्त्व हो (Kohn, 1997, p. 141) । नागरिक नियन्त्रणको कुरा गरिरहँदा सेनाको सैन्य उद्देश्य, शक्ति र दक्षताको महत्त्वलाई भने भुल्न हुँदैन (Chand, 2014, p. 6) । नागरिक नियन्त्रण (Civilian Control) र सेनाको दक्षता (Military Efficiency) कै सामञ्जस्यबाट नागरिक सैनिक सम्बन्धको गुत्थी सुल्झिन सक्छ ।

नागरिक सैनिक सम्बन्ध विकास गर्नका निमित्त नेपाली सेना अनेक गैर सैनिक गतिविधिमा संलग्न हुँदै आएको छ। पूर्व प्रधानसेनापति पूर्णचन्द्र थापाको नेतृत्वमा सैनिक सुधारका अनेक प्रयासहरू भएका थिए। जस अन्तर्गत नागरिक सैनिक सम्बन्धका बारेमा अध्ययन, अनुसन्धान, प्रकाशन, सेमिनार लगायतका गतिविधि पनि सञ्चालन भए। यस्तै एक दिवसीय सेमिनारमा थापाले तत्कालीन नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपाली कार्यक्रम कार्यान्वयन गर्न नेपाली सेना प्रतिबद्ध रहेको अभिव्यक्ति दिएका थिए। नागरिक नियन्त्रणको अधीनस्थ रहन नेपाली सेना सदैव तत्पर भएको जनाउँदै उनले नागरिक नियन्त्रणलाई भने सही अर्थमा बुझ्नुपर्ने बताएका थिए (Thapa, 2019)। नेपाली सेना व्यावसायिकताप्रति कटिबद्ध रहेर सैन्य भूमिका निर्वाह गर्न र नागरिक सैनिक सम्बन्ध विस्तार गर्न समर्पित रहेको देखिन्छ ।

## सैनिक पत्रकारिता र अन्तरराष्ट्रिय अभ्यास

विभिन्न देशका सैन्य सङ्गठनले नागरिक-सैनिक सम्बन्ध कायम गर्ने उद्देश्यले सूचना प्रसारका लागि सैनिक पत्रकारिताको प्रयोग गर्ने गर्दछन् । युद्धका समयमा युद्धसँग सम्बन्धित सूचना तथा शान्तिका समयमा अन्य सैनिक गतिविधिका सूचना प्रसार गरेर जनसम्पर्क विस्तार गर्ने कार्य नै सैनिक पत्रकारिता हो। कतिपय देशमा रक्षा मन्त्रालय र सैन्य सङ्गठनको प्रत्यक्ष नियन्त्रणमा यस्ता सञ्चारमाध्यम सञ्चालित हुन्छन् भने कतिपय देशमा रक्षा मन्त्रालयले सम्पादकीय कक्षमा हस्तक्षेप नगर्ने अभ्यास देखिन्छ। उदाहरणका लागि युक्रेनमा रक्षा मन्त्रालय आफैँले

पूर्ण नियन्त्रणमा सैनिक रेडियो र टेलिभिजन सञ्चालन गर्छ (Ministry of Defence of Ukraine, 2016) । बेलायतको ब्रिटिश फोर्सेज ब्रोडकास्टिङ् सर्विस (BFBS) मा रक्षा मन्त्रालयको प्रत्यक्ष नियन्त्रण रहेको छैन (BFBS, 2022) ।

नेपालको छिमेकी राष्ट्र भारतमा भारतीय सेनाले सन् १९०९ जनवरी २ बाट फौजी खबरका नाममा सुरु गरेको प्रकाशन आज सैनिक समाचारका नाममा पाक्षिक रूपमा १३ भाषामा प्रकाशन हुने गर्छ (Ministry of Defense of India, 2022) । भारतको रक्षा मन्त्रालय अन्तर्गतको जनसम्पर्क निर्देशनालयले पत्रिका प्रकाशन गर्दै आएको छ । भारतीय सेनाले पत्रिकाका साथसाथै रेडियो कार्यक्रम समेत प्रसारण गर्ने गर्छ जसलाई सैनिक समाचारको अनलाइनमार्फत् सुन्न सकिन्छ । यी माध्यमको प्रयोग गरेर भारतीय सेनाले आफ्ना गतिविधि नागरिकलाई जानकारी गराउँदछ ।

यस्तै गरी युक्रेनमा आर्मी एफएम र युक्रेनी मिलिटरी टेलिभिजन प्रसारण हुन्छ (Ministry of Defence of Ukraine, 2016) । सन् २०१६ मार्च १ गतेबाट आधिकारिक रूपमा प्रसारण सुरु भएको आर्मी एफएमको वेबसाइटबाट जो कसैले सुन्न सकिन्छ (Ponomarenko, 2017) । मिलिटरी टेलिभिजन पनि युट्युब च्यानलबाट प्रसारण हुने गर्छ ।

बेलायतको सैन्य गतिविधि जानकारी दिनका लागि ब्रिटिश फोर्सेज ब्रोडकास्टिङ् सर्विस (BFBS) सञ्चालित छ । सन् १९४३ मा बेलायतको रक्षा मन्त्रालयले गठन गरेको यस निकायले अहिले विश्वभर २४ वटा रेडियो स्टेसन सञ्चालन गर्दछ -BFBS, 2022) । सन् १९७५ मा सुरु भएको BFBS टेलिभिजन सर्भिस अन्तर्गत टेलिभिजन च्यानलहरू समेत सञ्चालित छन् । BFBS मा बेलायतको रक्षा मन्त्रालय वा सैन्य निकायको सम्पादकीय संलग्नता भने रहेको छैन । त्यसैगरी संयुक्त राज्य अमेरिकाको सैन्य प्रयोजनका लागि अमेरिकी रक्षा मन्त्रालयले आफ्नो प्रत्यक्ष संलग्नतामा अमेरिकन फोर्सेज नेटवर्क -American Forces Network) सञ्चालन गरेको छ, जसअन्तर्गत रेडियो, टेलिभिजन, वेबसाइट लगायतका माध्यम सञ्चालित छन् (United States Armed Force, 2022) ।

सेना र आम सञ्चार बीचको सम्बन्ध सधैं सौहार्दपूर्ण रहेको पाइँदैन । सञ्चारमाध्यमले सैनिक मामिलाको आलोचनात्मक रिपोर्टिङ गर्ने र सैन्य सङ्गठनले गोप्य खबर प्रसारण भइदेला भनी अविश्वास गर्ने परिपाटी विश्वभरि नै देखिन्छ (Dowdy, 2019) । यसै कारणले सैन्य संस्थाहरू आफैँ आफ्नै सञ्चार माध्यम र सञ्चार सामग्रीको प्रयोग गर्ने गर्दछन् । तथापि, सैनिक पत्रकारिताको प्रयोग सर्वस्वीकार्य र आलोचनारहित भने छैन । लोकतान्त्रिक समाजमा राज्यका कुनै पनि निकाय सक्रिय पत्रकारितामा सहभागी हुनु हितकर मानिँदैन । अझ सामरिक संवेदनशीलता बोकेको सैन्य सङ्गठन त सक्रिय पत्रकारितामा सहभागी हुनु लोकतन्त्रको लागि अहितकर हो । सूचना प्रसारणको रूपमा मात्रै सहभागी हुने भनिए तापनि सेनाले बिस्तारै आफूलाई सञ्चारमाध्यम व्यवस्थापन र सक्रिय पत्रकारितातर्फ उन्मुख गराउँछ कि भन्ने भय संसारभरिका नागरिक समाजमा देखिन्छ (दाहाल, २०१७) ।

सैनिक पत्रकारिताका विषयमा आलोचना हुने गरे तापनि सैन्य लोकतन्त्रीकरणको प्रमुख माध्यम सैन्य गतिविधिको पारदर्शिता हो । उच्च सामरिक र सुरक्षा संवेदनशीलताका सूचना बाहेक अन्य जानकारी सेनाले निरन्तर प्रसारण गर्नुपर्छ । यो प्रक्रिया सुमधुर नागरिक-सैनिक कायम गर्न र सैन्य सङ्गठन सदैव नागरिक सरकारको अधीनस्थ भई सूचना प्रसार गरिराख्नका लागि पनि आवश्यक हुन्छ । तसर्थ, लोकतन्त्रीकरणको उद्देश्य पूरा गर्न र सैनिक गतिविधिमा पारदर्शिता कायम गर्न सैनिक पत्रकारिता महत्त्वपूर्ण रहन्छ ।

## नेपाली सेनाको सैनिक पत्रकारिता

नेपाली सेनाले संविधान निर्दिष्ट मुख्य जिम्मेवारीका साथै नेपाल सरकारद्वारा प्रदान गरिएका जिम्मेवारीहरू समेत सम्पादन गर्दै आइरहेको छ । नेपाली सेनाले राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा सम्पादन गर्दै आइरहेको कार्य, राष्ट्र निर्माण, विपद् व्यवस्थापन, वन तथा पर्यावरण सुरक्षा, विश्वशान्ति स्थापना, जनहित कार्य लगायतका अन्य सान्दर्भिक पक्षहरूमा निर्वाह गर्दै आइरहेको भूमिका नागरिक समक्ष जानकारी गराउन सञ्चार माध्यमको अहम् भूमिका रहेको छ । सुमधुर नागरिक सैनिक सम्बन्ध कायम गर्न समेत नेपाली सेनाको सैनिक प्रकाशन र प्रसारणको महत्त्वपूर्ण योगदान रहेको छ (जनसम्पर्क तथा सूचना निर्देशनालय, २०२२) ।

सेनाको कार्यप्रकृति र जिम्मेवारी राज्यका अन्य निकायभन्दा फरक हुन्छ । सेनाका सूचनाहरू समेत गोपनीयता र सैनिक दृष्टिकोणले संवेदनशील हुन्छन् भने सोही अनुरूप सकल दर्जालाई सूचना प्रवाह गर्नुपर्ने सैनिक आवश्यकता समेत हो । यसैलाई दृष्टिगत गरी नेपाली सेनाले आफ्नो छुट्टै प्रकाशन र प्रसारण गर्दै सैनिक गतिविधिहरूको अभिलेखीकरण गर्न र संस्थागत स्मृतिलाई जगेर्ना गर्न भूमिका खेलिरहेको छ ।

नेपाली सेनाले आफ्नो पत्रकारिता मुख्यतः सेनाका बहालवाला सैनिक, अवकाश प्राप्त सैनिक, सैनिकका परिवारका साथै सेनाका बारेमा बुझ्न चाहने आमपाठक/श्रोता/दर्शक र सम्पूर्ण नागरिकलाई लक्षित गर्दै सञ्चालन गर्दछ । सेनाको आवश्यकता र योगदान पुष्टि गर्नु, नागरिकको सूचनाको हकको संवर्धन गर्नु, र सैनिक गतिविधिहरूको अभिलेखीकरण गर्नु सैनिक पत्रकारिताको महत्त्वपूर्ण पाटो हो । यसका साथै सैनिक इतिहास र वर्तमानका बारेमा नागरिकलाई जानकारी गराउने, शिक्षा, सूचना, मनोरञ्जन र अभिप्रेरणा प्रदान गर्ने, सेनाको समाजीकरण गर्ने र नागरिक सैनिक सम्बन्ध मजबूत बनाउने कार्यहरूमा समेत सैनिक पत्रकारिताको महत्त्व झल्किन्छ (जनसम्पर्क तथा सूचना निर्देशनालय, २०२२) ।

नेपाली सेनाका अनुसार राजनीतिबाट निरपेक्ष रहेर नाफाको उद्देश्य नराखी विज्ञापनरहित प्रकाशन, प्रसारण सञ्चालन गरिनु नै सैनिक प्रकाशन र प्रसारणका मुख्य विशेषता हुन् (जनसम्पर्क तथा सूचना निर्देशनालय, २०२२) । नेपालको संविधान, ऐन, नीति, नियम र कानुनहरूको परिधिभित्र रही सेनाले सेनाभित्रका गतिविधिहरूलाई सैनिक मूल्यमान्यता र गोपनीयताको ख्याल गर्दै सूचनामूलक, शिक्षामूलक, अभिप्रेरणामूलक र मनोरञ्जनात्मक सामग्रीका रूपमा प्रस्तुत गर्दै आएको छ ।


नेपाली सेनाले टेलिभिजनमा 'माटोले माग्दैन आफैले दिनुपर्छ' कार्यक्रम, रेडियोमा नेपाली सेना सैनिक कार्यक्रम, सिपाही पाक्षिक पत्रिका र नेपाली सेनाको अनलाइन वेवसाइट सञ्चालन गर्दछ (नेपाली सेना, २०२२) ।

## टेलिभिजन कार्यक्रम

नेपाली सेनाले पाक्षिक रूपमा 'माटोले माग्दैन आफैले दिनुपर्छ' नामक सैनिक टेलिभिजन कार्यक्रम सञ्चालन गर्दै आएको छ (नेपाली सेना, २०२२) । वि.सं. २०५८ सालबाट निरन्तर रूपमा प्रसारण हुँदै आएको यो कार्यक्रम हाल ४३ वटा राष्ट्रिय तथा स्थानीय टेलिभिजन च्यानलहरू सहित नेपाली सेनाको वेबसाइट र युट्युब च्यानलमा प्रसारण हुने गर्छ । यस कार्यक्रमको मुख्य उद्देश्य नेपाली सेनाले सम्पादन गरेका महत्त्वपूर्ण कार्यहरूका सम्बन्धमा सुसूचित गराउने, राष्ट्रिय हित संरक्षण एवं संवर्धन कार्यमा सहयोग पुऱ्याउने, नेपाली सेनाको छविलाई उच्च राख्ने तथा सुमधुर नागरिक सैनिक सम्बन्ध स्थापित गर्ने रहेको छ (जनसम्पर्क तथा सूचना निर्देशनालय, २०२२) ।

यस कार्यक्रममा नेपाली सेनाका मुख्य गतिविधिहरू प्रसारण गरिन्छ। प्रधानसेनापतिका निरीक्षण भ्रमण, कुटनीतिक तथा राजनीतिक व्यक्तिसँगको भेटघाट, सेनाका विविध तालिम, पदोन्नति र दर्ज्यानी चिह्न प्रदान कार्यक्रम, सैनिक श्रीमती संघ र नेपाली सेनाका जनहित कार्य र खेलकुद गतिविधि यस कार्यक्रममा समेटिने प्रमुख विषय हुन् (नेपाली सेना, २०२२)।

उक्त कार्यक्रमको वि.सं. २०७८ साल कार्तिक ९ गतेको भाग ५१३ देखि वि.सं. २०७९ साल असोज २६ गतेको भाग ५३८ सम्म प्रसारित कार्यक्रम र त्यसका सामग्रीको विश्लेषण गर्दा यस एक वर्षमा युट्युबमा जम्मा २६ भाग प्रसारण भएको छ। वि.सं. २०७९ साल श्रावण ४ गतेको भाग ५३२ मा सबैभन्दा थोरै चार हजार तीन सय भ्युज प्राप्त भएको छ भने २०७८ साल कार्तिक २३ गतेको भाग ५१४ मा सबैभन्दा बढी चौबीस हजार भ्युज प्राप्त भएको छ। औसतमा एउटा भिडियोले दश हजार आठ सय भ्युज प्राप्त गर्ने गरेको देखिन्छ। कार्यक्रम औसतमा १० मिनेट लामो हुने गरेको छ।




**चित्र १**

नेपाली सेनाको 'माटोले माग्दैन आफैले दिनुपर्छ' टेलिभिजन कार्यक्रममा प्रसारित विविध विषयसँग सम्बन्धित समाचारको प्रतिशत।

*नोटः यो पाई चित्र अनुसन्धानकर्ताले उक्त टेलिभिजन कार्यक्रमको वि.सं. २०७८ साल कार्तिक ९ गतेको भाग ५१३ देखि वि.सं. २०७९ साल असोज २६ गतेको भाग ५३८ सम्म एक वर्षभरि प्रसारित २६ वटा भाग विश्लेषण गरेपश्चात् त्यसैको तथ्याङ्कको आधारमा तयार गरेको हो।*

माथिको चित्रले देखाए अनुरूप सैनिक समाचारको मुख्य हिस्सा सेनाका जनहित कार्य, प्रधानसेनापतिको भ्रमण, निरीक्षण तथा भेटघाट, खेलकुद गतिविधि, विपद् व्यवस्थापनका कार्य, तालिम तथा गोष्ठी, पदोन्नति र दर्ज्यानी चिह्न प्रदान समारोह लगायतले ओगट्ने गर्छन् । यस टेलिभिजन कार्यक्रममा सेनाको गतिविधि जानकारी गराउने र सूचना तथा दरखास्त आह्वान प्रसारण गर्नेदेखि बाहेक अन्य सामग्री भेटिएनन् । तसर्थ, सैनिक पत्रकारिता पूर्णतः नागरिकलाई सैनिक गतिविधिको सूचना प्रसारको माध्यमका रूपमा मात्रै प्रयोग हुने गरेको पुष्टि हुन्छ ।

## रेडियो कार्यक्रम

यस्तैगरी नेपाली सेनाले साप्ताहिक रूपमा नेपाली सेना रेडियो कार्यक्रम समेत प्रसारण गर्छ (नेपाली सेना, २०२२) । वि.सं. २००७ सालमा रेडियो नेपालको स्थापना भएपश्चात् वि.सं. २००८ सालदेखि रेडियो नेपालमा निरन्तर प्रसारण हुँदै आइरहेको यो कार्यक्रम अहिले रेडियो नेपाल सहित नेपालका २५२ वटा रेडियो स्टेशनबाट प्रसारण हुन्छ (पौडेल, २०२१, पृ. १०५, थापा, २०५८) । रेडियो नेपालको केन्द्रीय प्रसारणमार्फत हरेक आइतबार बेलुका ८:१५ देखि ८:४५ सम्म प्रसारण हुने यो कार्यक्रम अन्य एफएम स्टेशनबाट विभिन्न बार र समयमा प्रसारण हुँदै आएको छ । उक्त कार्यक्रम नेपाली सेनाको वेबसाइटबाट पनि सुन्न सकिन्छ । विभिन्न स्थानीय भाषामा समेत प्रसारण हुने कार्यक्रम नेपाली भाषामा १९९, मैथिली भाषामा ३३, भोजपुरी भाषामा १५ र अवधि भाषामा ५ वटा रेडियो स्टेशनमा प्रसारण हुनेगर्छ । पहिला नेपाली भाषामा मात्रै प्रसारण हुँदै आएको यो कार्यक्रम वि.सं. २०७५ भदौदेखि मैथिली र वि.सं. २०७६ वैशाखदेखि भोजपुरी र अवधिमा रूपान्तरण गरी प्रसारण गर्न थालिएको हो ।

उक्त कार्यक्रमको सुरूमा सेनाका सैनिक गतिविधि प्रसारण गरिन्छ । जसमा सेनाका जनहित कार्य, प्रधानसेनापतिको भ्रमण, निरीक्षण तथा भेटघाट, विभिन्न प्रतियोगितामा नेपाली सेनाको सहभागिता, खेलकुद समाचार आदि समेटिन्छन् । नेपाली सेनाले विभिन्न पदका लागि दरखास्त आह्वान, छात्रवृत्ति आवेदनका लागि सैनिक शिक्षार्थीको आह्वान, लघुचलचित्र प्रतियोगिता, सामरिक लेखन प्रतियोगिता लगायतमा खुल्ला आह्वान आदि विज्ञापन पनि यस कार्यक्रममार्फत् प्रसारण गर्ने गर्छ । कार्यक्रमको अन्त्यमा नेपाली सेनाले तयार गरेको रेडियो सामग्री रिपोर्टका रूपमा प्रस्तुत गरिन्छ । यो कार्यक्रम भने औसतमा ३० मिनेट लामो हुने गर्छ (नेपाली सेना, २०२२) ।

## सिपाही पाक्षिक

नेपाली सेनाले जनसम्पर्क तथा सूचना निर्देशनालय अन्तर्गतको श्रव्यदृश्य तथा प्रकाशन महाशाखामार्फत् सिपाही पाक्षिक पत्रिका प्रकाशन गर्ने गर्छ (नेपाली सेना, २०२२) । वि.सं. २०५० असोज १ गतेबाट मासिकको रूपमा प्रकाशन थालिएको यो पत्रिका वि.सं. २०६२ भदौ १ गतेबाट पाक्षिकको रूपमा प्रकाशन गरिँदै आएको छ (जनसम्पर्क तथा सूचना निर्देशनालय, २०२२) । यो पत्रिका हरेक महिनाको १ गते र १५ गते प्रकाशन हुन्छ । नेपाली सेनाको आन्तरिक वितरण प्रयोजनका साथसाथै यो पत्रिका वेबसाइटमा राखेर सार्वजनिक वृत्तमा समेत उपलब्ध गराइन्छ । सिपाही पाक्षिकका सामग्री पनि रेडियो र टेलिभिजन कार्यक्रमसँग मिल्दाजुल्दा नै देखिन्छन् । पत्रिका मार्फत नेपाली सेनाले सेनाका विभिन्न निकायबाट सम्पादन भई आएका क्रियाकलापहरू सङ्कलन गरी तल्लो तहसम्म जानकारी गराउने तथा अभिलेख राख्ने र नागरिकलाई आफ्ना गतिविधि जानकारी गराउने उद्देश्य बोकेको बुझ्न सकिन्छ ।

पत्रिकामा एउटा छुट्टै साहित्य सिर्जना पृष्ठ रहेको छ जसमा नेपाली सेनाका सैनिकद्वारा लिखित कविता, गीत, मुक्तक लगायतका लेखरचना समेत प्रकाशित हुन्छन् । नेपाली सेनाले सिपाही पाक्षिकलाई आधिकारिक सूचना

प्रसारको माध्यम समेत बनाएको छ। उदाहरणका लागि विभिन्न प्रतियोगिताका सूचना, छात्रवृत्ति र दरखास्त आह्वान लगायतका सूचनाहरू पत्रिकामा प्रकाशित गरिन्छ (नेपाली सेना, २०२२)।

सिपाही पाक्षिक सामान्यतः १२ पृष्ठ लामो हुने गर्दछ। केही समययता ४ पृष्ठको गणविशेष अतिरिक्ताङ्क समेत सिपाहीसँगै प्रकाशन हुँदै आइरहेको छ। उदारणका लागि मिति २०७९ भाद्र १५ को अङ्कमा नन्दाबक्स गणको, भाद्र १ को अङ्कमा श्री चण्डीदल गणको, श्रावण १५ को अङ्कमा रणभीम गणको अतिरिक्ताङ्क प्रकाशित भएका छन्। गणको अतिरिक्ताङ्कमा गणको इतिहास, अन्य सङ्गठनात्मक जानकारी, जनहित कार्यको विवरण, साहित्य सिर्जना, खेलकुद गतिविधि, गणले खरिद गरेको सामानको विवरण आदि समावेश गरिन्छ (नेपाली सेना, २०२२)।

नेपाली सेनाले छापा मिडियाको अभ्यास पछ्याउँदै यस पत्रिकामा सम्पादकीय समेत राख्ने गरेको छ। पृष्ठ २ को बायाँपट्टी प्रकाशन हुने सम्पादकीयमा सैन्य सङ्गठनको संवेदनशीलता कायम रहने गरी आफ्ना गतिविधिमाथि सम्पादकको धारणा उल्लेख गर्दछ। सैनिक मेडिकल सेवाका आयाम, खाद्य सुरक्षाका लागि सेनाको बहस, विपद् क्षति न्यूनीकरणमा सेनाका प्रयास लगायतका गतिविधिमा नै केन्द्रित भएका सम्पादकीय भेट्न सकिन्छ।

## नागरिक सैनिक सम्बन्धमा सैनिक पत्रकारिता

नेपाली सेनाको सिपाही पाक्षिक पत्रिकामा प्रकाशित सामग्री विश्लेषण गर्दा आफ्ना गतिविधिबारे नागरिकलाई जानकारी दिनु नै नेपाली सेनाको प्रमुख उद्देश्य रहेको देखिन्छ। पत्रिकाको अधिकांश भाग सैनिक गतिविधिले ओगट्छ, जसमा पनि ठूलो हिस्सा सेनाको जनहित कार्यसम्बन्धी खबरको हुन्छ। विपद् न्यूनीकरण तथा व्यवस्थापनमा सक्रिय रहेर पीडित नागरिकको दुःखमा साथी बनिरहेको, रक्तदान, स्वास्थ्य शिबिर लगायतका कार्यक्रम सञ्चालन गरेको आदि खबरले सेनाको सार्वजनिक सम्बन्ध बलियो बनाउन मद्दत गर्छ। सेना सामरिक गतिविधिमा मात्र नभई नागरिकको दैनन्दिन जीवनयापनका आयामहरूमा समेत संलग्न हुँदै, नागरिकको जीवन रक्षामा कटिबद्ध रहेको जानकारी प्रकाशन गर्नु नागरिक सैनिक सम्बन्ध सुमधुर बनाइराख्ने एउटा औजार पनि हो।

रेडियो कार्यक्रम र टेलिभिजन कार्यक्रमको सुरुमा र अन्त्यमा "रातो र चन्द्र सूर्य......" बज्ने गर्छ। नेपाली जनताको निष्ठा र इमान्दारिता समेटिएको गीतको प्रयोग गरेर हरेक कार्यक्रमको सुरुवात गर्दै नेपाली सेनाले राष्ट्रिय एकता प्रवर्द्धन र राष्ट्रिय पहिचानको जगेर्ना गर्ने प्रयास गरेको छ (नेपाली सेना, २०२२)।

नेपाली सेनाले यिनै माध्यममार्फत् आफ्ना सैनिक गतिविधि प्रसारण गर्नु नेपाली नागरिकप्रति जवाफदेही, उत्तरदायी र पारदर्शी भएको प्रमाण हो। निरन्तर आफ्ना गतिविधि सार्वजनिक रूपमा प्रसारण गर्ने कार्य नागरिक सैनिक सम्बन्ध प्रगाढ बनाउने एउटा औजार हो। जानोविचले अघि सारेको समाजशास्त्रीय सिद्धान्त अनुरूप Civilianization of Military अन्तर्गत नै नागरिकसँग प्रत्यक्ष सम्बन्ध राख्ने गरी सञ्चारमाध्यममा सहभागी हुन थाल्नुले नेपाली सेना लोकतन्त्रीकरणको बाटोमा निकै अघि बढेको बुझ्न सकिन्छ (Janowitz, 1960)। आधुनिक लोकतन्त्रमा सेनालाई समाजबाट टाढा राखेर होइन कि समाजसँगको अन्तर्क्रियाबाट नै सेनामाथि नागरिक नियन्त्रण कायम राख्न र नागरिक सैनिक सम्बन्ध मजबुत बनाउन सकिन्छ (Nuciari, 2006, p. 283) ।

कुनै पनि देशको नागरिक सैनिक सम्बन्ध त्यस देशको संवैधानिक, कानुनी प्रावधान मात्रै नभएर ऐतिहासिक पृष्ठभूमि, विशेषगरी सैन्य इतिहास, आर्थिक तथा सामाजिक अवस्था, आन्तरिक राजनीतिक घटनाक्रम आदिमा समेत निर्भर रहन्छ। त्यतिमात्रै नभई सैन्य तथा राजनीतिक नेतृत्वमा रहनेहरूको व्यक्तित्व र अनौपचारिक सम्बन्धले पनि नागरिक सैनिक सम्बन्धमा प्रभाव पारिरहेको हुन्छ (Rukavishnikov & Pugh, 2006, p. 133)। नेपाली सेनाले गर्ने पत्रकारिता अथवा सूचना प्रसारणको कार्य यी सबै तत्त्वहरूलाई ध्यानमा राख्दा अत्यन्तै महत्त्वपूर्ण देखिन्छ।

## पत्रकारितामार्फत् ऐतिहासिक सम्बन्ध नवीकरण

नेपाल राज्यको ऐतिहासिक पृष्ठभूमि हेर्दा इतिहासको ठूलो भाग सैन्य इतिहासमा केन्द्रित रहेको छ । नेपालको सेना नेपाल राज्य निर्माणका बखत प्रमुख भूमिका निर्वाह गरेको निकाय हो । राज्य विस्तार, एकीकरण र निर्माणदेखि नै निरन्तर राष्ट्रिय एकता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताको पक्षमा उभिएको नेपाली सेना आजसम्म आइपुग्दा पनि तिनै लक्ष्य बोकेर अघि बढिरहेको तथ्य नेपाली नागरिकलाई जानकारी गराउनु आवश्यक छ । नेपाली सेना र नागरिकको बीचमा रहेको सुमधुर सम्बन्धलाई अझ प्रगाढ बनाइराख्न नेपाली सेनाले गरेको जनहित कार्यका बारेमा नागरिकलाई सूचना प्रदान गर्न सैनिक पत्रकारिताले प्रभावकारी भूमिका खेलिरहेको छ ।

वर्तमान संविधानले समेत नेपाली सेना कुनै व्यक्ति वा संस्थाप्रति नभई संविधानप्रति प्रतिबद्ध सङ्गठनका रूपमा रहने व्यवस्था गरेको छ, जसअनुसार राजनीतिक परिस्थिति जस्तोसुकै भएपनि त्यसप्रति निरपेक्ष रहँदै सेना आफ्नो संवैधानिक दायित्व निर्वाह गर्न सदैव तयार रहन्छ । छिटोछिटो ध्रुवीकृत भइरहने नेपाली राजनीतिका कारणले नेपाली सेना वैधानिक राजनीतिक नेतृत्वको नियन्त्रणमा हुँदाहुँदै पनि सेनाको बफादारिताका बारे बेलाबखत संशय पैदा नभएको होइन (तिमिल्सिना, २०२०, पृ. १६३) । तर नेपाली सेना नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, राष्ट्रिय एकता, स्वाधीनता र भौगोलिक अखण्डताको रक्षालाई सधैँ आफ्नो लक्ष्य मान्दै वैधानिक नागरिक सरकारको नियन्त्रणमा नै रहेको छ । नागरिकलाई यस विषयमा विश्वस्त बनाउनका लागि नेपाली सेनाको पत्रकारिता अत्यन्तै आवश्यक देखिन्छ ।

## पारदर्शिताका लागि पत्रकारिता

नेपाली सेनाका प्रधानसेनापति लगायत उच्च पदस्थ सैन्य अधिकारीहरूले गर्ने विभिन्न कूटनीतिक र राजनीतिक भेटघाट, आन्तरिक र अन्तरराष्ट्रिय भ्रमण लगायतका समाचारहरूले नेपाली सेना निष्पक्ष र पारदर्शी रहेको आश्वस्त पार्न भूमिका खेल्छ । सेनाका अधिकारीले गर्ने भेटघाट लगायतका सैनिक गतिविधिमा पारदर्शिता हुनु पनि नागरिक सैनिक सम्बन्धमा एक महत्त्वपूर्ण विषय हो । प्रजातन्त्रमा सरकारी निकायले नागरिकलाई सूचना प्रदान गर्नुपर्ने दायित्व हुन्छ । Rukavishnikov & Pugh (2006, p. 138) का अनुसार त सार्वजनिक महत्त्वका यस्ता सूचना जनतालाई तिर्नुपर्ने ऋण हो । जुन सैनिक पत्रकारिता मार्फत् नेपाली सेनाले सफलतापूर्वक तिरिरहेको छ ।

सार्वजनिक सम्बन्ध विस्तार तथा जनसम्पर्क बढाउनका लागि सेनाले सञ्चालन गर्ने परियोजनामा पारदर्शिता महत्त्वपूर्ण छ । नेपाल सरकारका विभिन्न तहबाट बजेट विनियोजन भई सञ्चालन भएका सडक तथा भवन निर्माणका आयोजनाहरूबारे आयोजनाको लागत सहित समाचार प्रसारण हुनेगर्छ । यसरी सेनाले पत्रकारितामार्फत् आर्थिक पारदर्शिता कायम गर्ने प्रयास गरेको छ ।

मित्रराष्ट्रका सैनिक सङ्गठनसँग नेपाली सेनाको सम्बन्धका बारेमा आम जनसमुदायमा उत्सुकता र चासो हुने नै गर्छ । नेपाली सेनाले विभिन्न मित्रराष्ट्रका सैन्य अधिकारीसँग भेटघाट गरेको विवरण तत्कालै प्रसारण गर्ने गरेको छ । उदाहरणका लागि वि.सं. २०७८ फाल्गुण १८ गतेको भाग ५२२ को माटोले माग्दैन आफैले दिनुपर्छ कार्यक्रममा नेपाली सेनाका प्रधानसेनापतिले भारतीय सेनाका लेफ्टिनेन्ट जनरल र बेलायती सेनाका लेफ्टिनेन्ट जनरलसँग छुट्टाछुट्टै भेटघाट गरेको समाचार प्रसारण भएको थियो (नेपाली सेना, २०२२) । यस्तै वि.सं. २०७८ चैत्र ३० गतेको भाग ५२५ को सोही टेलिभिजन कार्यक्रममा नेपाली सेनाले अमेरिकी सेनासँग संयुक्त अभ्यास सञ्चालन गरेको खबर समेत प्रसारण गरियो (नेपाली सेना, २०२२) । यसरी सामरिक अभ्यास तथा भेटघाटका विषयमा नागरिकलाई जानकारी गराउन सैनिक पत्रकारिताको प्रयोग भइरहेको छ ।

सामरिक सम्बन्धका विषय मात्र नभई मित्रराष्ट्रका सैनिक सङ्गठनले विभिन्न समयमा नेपाली सेनालाई सहयोग सहकार्य गर्दै आएको कुरा पनि सेनाले प्रसारण गर्ने गर्छ । मिति २०७८ मंसिर ७ गतेको भाग ५१५ को सैनिक टेलिभिजन कार्यक्रममा चिनियाँ जनमुक्ति सेनाले नेपाली सेनालाई स्वास्थ्य सामग्री सहयोग हस्तान्तरण गरेको समाचार सम्प्रेषण गरिएको छ (नेपाली सेना, २०२२) । यस्तै मंसिर २२ गतेको भाग ५१६ को कार्यक्रममा भारतीय सेनाले गरेको सहयोग, पुष २० गतेको भाग ५१८ को कार्यक्रममा बेलायती सेनाले गरेको कोभिड सहायता आदि प्रसारित गरेर एकातर्फ प्राप्त सहयोग सामग्रीमा पारदर्शिता कायम गरेको छ भने अर्कोतर्फ मित्रराष्ट्रका सैन्य सङ्गठनसँग सद्भाव र सौहार्दपूर्ण सम्बन्ध कायम रहेको जानकारी पनि नेपाली नागरिकलाई दिएको छ (नेपाली सेना, २०२२) ।

## जनहित कार्यको जानकारी

नेपाल आर्थिक तथा सामाजिक रूपमा विकासोन्मुख राज्य हो । त्यसैकारण राज्य सञ्चालनका दौरान नेपाल सरकारसँग पर्याप्त स्रोत र साधनको अभाव रहने नै गर्छ । हिमाल, पहाड र तराईको जटिल भौगोलिक बनावट र हजारौँ खोलानाला रहेको देशमा प्राकृतिक प्रकोपले पनि दुःख दिइरहन्छ । यस्तो अवस्थामा नेपाली सेनाले निरन्तर जनहित कार्य गरिरहेको छ । वर्षेनी जनधनको क्षति गराउने विभिन्न बाढी पहिरोका घटनामा नेपाली सेना सक्रियतापूर्वक खोज तथा उद्धारकार्यमा संलग्न भएको खबर सेनाले प्रसारण गर्ने गर्छ । यस्ता समाचारले विपद्बाट पीडित भएका वा हुनसक्ने नागरिकमा आशाको सञ्चार गराउनुका साथै नेपाली सेनाप्रति सकारात्मक धारणा निर्माण गर्न सहयोग गर्छ ।

गएको वर्ष मेलम्ची लगायतका खोलामा आएको बाढीले भत्काएको पुल पुनर्निर्माण गर्ने, केही ठाउँमा बेलिब्रिज, फलामे पुलहरू निर्माण गर्ने लगायतका कार्यमा सेना सक्रियतापूर्वक सहभागी भएको छ । आगलागी, सडक दुर्घटना, भारी हिमपात, खोँचमा खसेका घटना लगायतमा नेपाली सेना अन्य सुरक्षा निकायसँगको समन्वयमा अग्रपङ्क्तिमा रही खोज, उद्धार तथा व्यवस्थापनमा सक्रिय भएको खबर सैनिक पत्रकारिताबाटै प्रसारित हुन्छ । यही वर्ष जेठमा पोखराबाट जोमसोम उडेको तारा एयरको विमान दुर्घटनापश्चात् सेनाले खोज तथा उद्धारमा देखाएको सक्रियता प्रशंसनीय थियो । विपद्पछिको कार्यमा मात्र नभई नेपाली सेनाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न Simulation तथा Drill समेत सञ्चालन गरिरहेको हुन्छ ।

नेपाली सेनाले सूचना प्रसारका लागि सञ्चारमाध्यमको प्रयोग गरेको अनुपम उदाहरण महाभूकम्प २०७२ का समयमा देखिएको थियो । घाइतेहरूको खोज, उद्धार र पीडितहरू सामु राहत वितरणमा मुख्य रूपमा सरकारी सञ्चारमाध्यम रेडियो नेपाल र नेपाल टेलिभिजन र अन्य सञ्चारमाध्यमको समेत प्रयोग गरी नेपाली सेना कुशलतापूर्वक नागरिकको सुरक्षा र राहतमा खटिएको थियो । महाभूकम्पपश्चात्का खोज, उद्धार र राहत वितरण कार्यक्रममा सञ्चारमाध्यम र नेपाली सेनाको समन्वयकारी भूमिकाले सैनिक पत्रकारिताको महत्त्व पनि पुष्टि गर्छ । सेना आफैंले रेडियो, टेलिभिजन तथा छापा सामग्री बनाएर उद्धार तथा राहत कार्यका लागि प्रसारण, प्रकाशन गर्दा त्यो अझ बढी प्रभावकारी हुन्छ नै ।

विपद् प्रतिकार्यका अलावा नेपाली सेनाले स्वास्थ्य शिविर, दन्तशिविर सञ्चालन, सर्पदंशको उपचार र जनचेतना कार्यक्रम, विद्यालय भवन निर्माण तथा हस्तान्तरण, विद्यार्थीलाई शैक्षिक तथा खेलकुद सामग्री वितरण, जाडो मौसममा न्यानो कपडा तथा ब्ल्याङ्केट वितरण, वृक्षरोपण, ताल सरसफाइ, प्रभातफेरी, मानवसेवा आश्रमलाई सहयोग प्रदान, सडक निर्माण, सफा हिमाल अभियान आदि कार्यहरू गरेको विवरण पनि प्रसारण गरिरहेको हुन्छ ।

विभिन्न राष्ट्रिय निकुञ्जबाट नेपाली सेनाले शिकारीलाई नियन्त्रणमा लिएको, हतियार बरामद गरेको, लागू औषध बरामद गरेको र सम्बन्धित प्रशासनिक निकायमा बुझाएको खबर पनि सैनिक कार्यक्रममा प्रसारण हुन्छ। निकुञ्जका जैविक सम्पत्तिको संरक्षण गर्नुपर्ने र कानुन विपरीतको गतिविधि गरेको खण्डमा सेनाले नियन्त्रणमा लिने जानकारी यस्ता समाचारबाट प्राप्त गर्न सकिन्छ। निकुञ्जको सुरक्षामार्फत् मात्र नभई नेपाली सेना प्रकृति र वातावरणको संरक्षणमा अन्य आयोजनामार्फत् पनि सहभागी भइरहेको छ। सफा हिमाल अभियान अन्तर्गत नेपाली सेनाले हिमालको फोहोरमैला संकलन गरेको र यही अभियानका क्रममा नेपाली सैनिकले कञ्चनजङ्घा हिमालको सफल आरोहण गरेको लगायतका समाचारले वातावरण संरक्षणमा सेना संवेदनशील रहेको देखाउँछ।

सैनिक पत्रकारितमार्फत् नेपाली सेनाले मूल सङ्गठनको मात्रै नभई सम्बन्धित संस्थाहरूको गतिविधि समेत प्रकाशन प्रसारण गर्ने गर्छ। सैनिक श्रीमतीसंघ, भूपू सैनिक संघ, सैनिक महाविद्यालय पूर्वविद्यार्थी संघ लगायतका वार्षिकोत्सव, भेटघाट, तालिम, प्रतियोगिता लगायतका विविध कार्यक्रमको समेत समाचार प्रसारण गरिन्छ। ती संघद्वारा विद्यालयमा सहयोग, स्वास्थ्य शिविर सञ्चालन, महिला दिवस विशेष कार्यक्रम आदि जनसम्बन्ध विस्तार गर्ने कार्यक्रमहरू सञ्चालन भएका समाचारले नेपाली सेना मात्र नभई सेनाका सम्बन्धित संघहरूसँग समेत नेपाली नागरिकको सम्बन्ध सुमधुर बनाउन मद्दत गर्छ।

## सूचना तथा दरखास्त आह्वानको माध्यम

सैनिक कार्यक्रममा विभिन्न पदमा दरखास्त आवेदन खुलेका सूचना समेत प्रसारण गरिन्छ। सेनाद्वारा आयोजना गरिने खुल्ला प्रतियोगिता जस्तैः लिगलिगकोटको दौड, सामरिक लेखन प्रतियोगिता, लघु चलचित्र आदिको जानकारी पनि यिनै सञ्चारका माध्यमबाट प्रसारण गर्ने हुनाले नेपाली सेनाका गतिविधिमा संलग्न हुन नागरिकले आवश्यक सूचना प्राप्त गर्ने माध्यम पनि सैनिक पत्रकारिताले प्रदान गरेको छ। उदाहरणका लागि मिति २०७८ माघ १८ गतेको भाग ५२० को सैनिक टेलिभिजन कार्यक्रममा छनौट तथा दर्खास्त प्रक्रिया कोभिड महामारीका कारण स्थगित भएको समाचार प्रसारण भएको थियो (नेपाली सेना, २०२२)। यस्तै मिति २०७९ असोज ३० गतेको सैनिक रेडियो कार्यक्रममा सैन्य पदको दरखास्त आह्वान गरिएको थियो (नेपाली सेना, २०२२)। सहज रूपमा एकद्वार प्रणालीबाट जानकारी लिनका लागि सैनिक पत्रकारिता महत्त्वपूर्ण बनिरहेको छ।

## धर्म संस्कृतिको संरक्षण र अभ्यास

नेपाली सेना धार्मिक र सांस्कृतिक इतिहास बोकेको सङ्गठन हो। दोस्रो विश्वयुद्धका भेट्रान सुबेदार नरबहादुर बस्नेतका अनुसार वि.सं. २००५ सालतिर नै उनी फौजमा रहँदाखेरी बिहान शारीरिक अभ्यास र नास्ता गर्नुअघि गणेशथानमा पूजा गर्ने गर्दथे (Gautam, 2022, p. 209)। नेपाली सेनाको धार्मिक कार्य व्यवस्थापन निर्देशिका २०७६ को दफा ३ ले नेपाली सेनाले धार्मिक तथा सांस्कृतिक चाडपर्वको संरक्षण र जगेर्ना गर्ने व्यवस्था गरेको छ। यसै उद्देश्य अनुरूप सोही निर्देशिकाको दफा ४ र अनुसूची १ बमोजिम सञ्चालन हुने फूलपाती बढाइँ महानवमी पूजा, चैतेदशैं पूजा लगायतका कार्यक्रमहरू सेनाको आयोजनामा सञ्चालन हुँदै आएका छन्। यी धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूका सम्बन्धमा समेत सेनाले आफ्ना सञ्चारका माध्यम प्रयोग गरेर सूचना प्रदान गर्ने गर्छ। बढाइँ तथा हेलिकप्टर प्रयोग गरी पुष्पवृष्टि गरेको शानदार दृश्य समेत सैनिक कार्यक्रमका समाचारमा प्रसारण हुने गर्छन्। यसरी प्रत्यक्ष रूपमा सेनाको धार्मिक गतिविधि देख्न असमर्थ नागरिकका लागि सञ्चार माध्यमबाट सूचना प्राप्त हुन्छ।

नेपालको संविधानले व्यवस्था गरेअनुरूप सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षण सहितको धार्मिक स्वतन्त्रताको रक्षाका निम्ति नेपाली सेनाको गतिविधि उल्लेखनीय छ । नेपाली नागरिकले नेपाली सेना सनातन धर्म संस्कृतिको अभ्यासमा निरन्तर रहेको कुराको सूचना पाउनुले सेनाको सार्वजनिक सम्बन्ध अझ मजबुत हुन गई सर्वसाधारण नागरिक र सैन्य संस्थाबीचको सम्बन्ध घनिष्ठ बनाउन समेत मद्दत पुग्छ।

## अन्तरराष्ट्रिय शान्तिसेना मिसनको सूचना

नेपाली सेनाले नेपालमा मात्र नभएर संयुक्त राष्ट्रसंघ मिसन अन्तर्गत शान्ति सेनामा गएका विभिन्न राष्ट्रमा समेत आफ्ना गैर सामरिक गतिविधि सञ्चालन गर्दै आएको छ । उदाहरणका लागि लेबनान मिसनमा नेपाली सेनाको गण निरन्तर स्वास्थ्य जनचेतना, बाटोको रङ्रोगन, विद्यालयको पुनर्निर्माण, वृक्षरोपण, दन्त शिविर, महिला स्वास्थ्य शिविर, जैतून टिप्ने कार्यको सहजीकरण र सुरक्षा प्रदान लगायतका सार्वजनिक सम्बन्ध विस्तार गर्ने गतिविधिमा संलग्न हुनेगर्छ । संयुक्त राष्ट्रसंघको लेबनान मिसनद्वारा नेपाली सेना सर्वोत्कृष्ट गणको रूपमा समेत पुरस्कृत भइसकेको छ (नेपाली सेना, २०२२) । यस्तै दक्षिण सुडानको मिसनमा महिनावारी सम्बन्धी स्वास्थ्य शिविर सञ्चालन गर्ने लगायतका गतिविधिमा पनि नेपाली सेनाको गण संलग्न रहेको छ । यी समाचारहरू समेत प्राथमिकताका साथ नेपाली सेनाले प्रसारण गर्ने गर्छ । जसले नेपाली सेनाको छवि नेपालमा मात्र नभएर अन्य देशमा समेत उच्च बनाउन मद्दत गर्छ । शान्ति सेनाको मिसनमा गएको नेपाली सेनाको गण समेत सामरिक कार्यमा मात्र केन्द्रित नभई विदेशी नागरिकलाई प्रत्यक्ष लाभ पुग्ने जनहितका कार्य सञ्चालन गरिरहेको समाचारले प्रत्येक नेपाली नागरिकले शिर ठाडो बनाएर नेपाली सेनालाई अझै बढी गौरव र सम्मानका साथ हेर्ने वातावरण सिर्जना गर्छ ।

## निष्कर्ष तथा सुझाव

नागरिक सैनिक सम्बन्ध कुनै पनि लोकतान्त्रिक मुलुकका लागि अपरिहार्य रहन्छ । आफ्नो देशको सैन्य सङ्गठनको गतिविधि करदाता नागरिकले थाहा पाउनु र नागरिक सरकारले प्रदान गरेको अख्तियारीभित्र सेनाले आफ्नो गतिविधि सञ्चालन गर्नु सुमधुर नागरिक सैनिक सम्बन्धका लागि आवश्यक तत्त्व हुन् । यस अध्ययनले नेपाली नागरिकप्रतिको पारदर्शिता, जवाफदेहिता र उत्तरदायित्व सुनिश्चित गर्नका लागि नेपाली सेना पत्रकारिताका अनेक माध्यममा सक्रिय रहेको देखाउँछ । श्रव्यदृश्य, छापा, इन्टरनेट आदि माध्यमबाट नेपाली सेना निरन्तर सार्वजनिक वृत्तमा जोडिएको छ । नेपाली सेनाको पत्रकारिताले नागरिक सैनिक सम्बन्ध कायम राख्नका साथै सार्वजनिक सम्बन्ध र जनसम्पर्क विस्तार गर्न सकारात्मक भूमिका खेलेको छ । त्यतिमात्र नभएर राष्ट्रियता र राष्ट्रिय एकताको भावना वृद्धि गर्ने खालका सामग्री प्रकाशन, प्रसारण गरेर राष्ट्रिय एकता र स्वाधीनताको प्रवर्द्धन गर्न समेत सैनिक पत्रकारिता प्रभावकारी देखिएको छ ।

लोकतान्त्रिक समाजमा राज्यका कुनै पनि निकाय सक्रिय पत्रकारितामा सहभागी हुनु हितकर मानिँदैन । अझ सामरिक संवेदनशीलता बोकेको सैन्य सङ्गठन त सक्रिय पत्रकारितामा संलग्न हुनु लोकतन्त्रका लागि अहितकर हो । नेपाली सेनाले आफूलाई सक्रिय पत्रकारिता र सञ्चारमाध्यम व्यवस्थापन (मिडिया म्यानेजमेन्ट) बाट टाढा राख्दै सूचनाको प्रसारमा मात्र संलग्न गराएको छ । यसैकारण नेपाली सेना लोकतन्त्रीकरणको बाटोमा अघि बढिरहेको छ र नागरिक सैनिक सम्बन्ध मजबुत हुँदै गइरहेको छ । आउँदा दिनमा पनि नेपाली सेनाले सक्रिय पत्रकारितामा सहभागी नभई आफ्नो पत्रकारितालाई केवल सूचना प्रसारको माध्यमका रूपमा सीमित राख्नुपर्दछ ।

### सन्दर्भ सामाग्री

Basnyat, S. P. (2018). A *Soldier's Cry: Chronicles of Voices against National Security of Nepal.* Kathmandu: Hisi Offset Printers.

BFBS. (2022). *About us.* https://about.bfbs.com/

Caraley, D. (1960). Review of The Professional Soldier: A Social and Political Portrait by Morris Janowitz. *Administrative Science Quarterly*, *5*(3), 470–474.

Chand, B. (2014). *Foreign assistance and its impact on civil-military relations: a case study of federal democratic Republic of Nepal* [Doctoral dissertation/ Naval Postgraduate School, Monterrey, California].

Cohen, E. A. (2002). *Supreme Command: Soldiers, Statesmen, and Leadership in Wartime.* Free Press.

Collins, J. J. (2009). Civil-Military Relations: Theory and Practice. *Prism*, *1*(4), 177-180.

Dowdy, R. (2019). The Media as Watchdog. *War Room, Army War College*. https://warroom.armywarcollege.edu/articles/the-military-and-the-media-pt1/

Feaver, P. D. (1999). Civil-military Relations. *Annual Review of Political Science*, *2*(1), 211-241.

Feaver, P. (2003). *Armed Servants: Agency, Oversight, and Civil-Military Relations*. Harvard University Press.

Gautam, U. (2022). Role of Nepali Army in Promotion and Preservation of Nepalese Art, Culture, and Traditions. *Unity Journal*, *3*(01), 205-219.

Huntington, S. P. (1957). *The Soldier and the State: The Theory and Politics of Civil–Military Relations.* Harvard University Press.

India News. (2021, March 5). Army Starts Its First Community Radio Station In North Kashmir. *NDTV.* https://www.ndtv.com/india-news/army-starts-its-first-community-radio-station-radio-chinar-in-north-kashmir-2384358

Janowitz, M. (1960). *The Professional Soldier: A Social and Political Portrait.* The Free Press.

K. C., Khadga, (2013). Historical analysis of civil-military relations in Nepal. *Tribhuvan University Journal*, *28*(1-2), 123-140.

Kohn, R. H. (1997). How democracies control the military. *Journal of Democracy*, *8*(4), 140-153.

MilitaryBenefits. (2019, June 13). The American Forces Network. *Veteran.com.* https://veteran.com/american-forces-network/

Ministry of Defense of India. (2022). Sainik Samachar. https://sainiksamachar.nic.in/

Ministry of Defence of Ukraine. (2016). Army FM. https://www.armyfm.com.ua

Ministry of Defence of Ukraine. Ukrainian military TV [Video]. YouTube.

Nanavatty, R. K. (2009). Army-Media Relations in Sub-conventional Conflict. *CLAWS Journal*, 132-146.

Nuciari, M. (2006). Women in the Military. In *Handbook of the Sociology of the Military* (pp. 279-297). Springer, New York, NY.

Overland Storage. (2003). British Forces Broadcasting Services. https://web.archive.org/web/20130617072400/http://www.overlandstorage.com/pdfs/bfbs.pdf

Paleti. (2021, April 11). *Phatteman - Rato ra Chandra Surya* [Video]. YouTube. https://youtu.be/MdZhHbd334w; accessed on Oct 21, 2022.

Pion-Berlin, D., & Trinkunas, H. (2005). Democratization, Social Crisis and the Impact of Military Domestic Roles in Latin America. *Journal Of Political & Military Sociology*, 5-24.

Ponomarenko. (2017, March 31). Ukraine's army radio plans to expand beyond Donbas war zone. *Kyiv Post.* https://www.kyivpost.com/ukraine-politics/ukraines-army-radio-plans-expand-beyond-donbas-war-zone.html

Raines, R. R. (1996). *Getting the Message Through: A Branch History of the US Army Signal Corps (Vol. 30)*. Government Printing Office.

Rukavishnikov, V. O., & Pugh, M. (2006). Civil-Military Relations. In *Handbook of the Sociology of the Military* (pp. 131-149). Springer, New York, NY.

Thapa, P. C. (2019). Address by the Guest of Honor COAS General Purna Chandra Thapa For One-Day Seminar on "Civil Military Relations: In Present Socio-Political Environment of Nepal". *Nepali Army.* https://www.nepalarmy.mil.np/upload/coasspeech/SpeechOnCivilMilRelations.PDF

United States Armed Force. (2022). American Forces Network. https://myafn.dodmedia.osd.mil/

जनसम्पर्क तथा सूचना निर्देशनालय (२०२२, नोभेम्बर १०) नेपाली सेनाको प्रकाशन तथा प्रसारण सम्बन्धी विवरण, ईमेलमार्फत् प्राप्त भएको, पृ. १-१२ ।

तिमिल्सिना, अङ्गराज (२०२०), नागरिक-सैनिक सम्बन्धः वर्तमान अवस्था, चुनौती र अवसर । *युनिटी जर्नल*, १, पृ.१५८-१६४ ।

थापा, मोहन (२०५८) शाही नेपाली सैनिक रेडियो कार्यक्रम ५० औँ वर्षमा । सिपाही वार्षिक ।

दाहाल, ऋषिकेश (२०१७) सेनाको रेडियो मोह : किन शङ्का र संशय ? *पहिलोपोस्ट* https://pahilopost.com/content/-35940.html

नेपाल सरकार (वि.सं. २०७२) *नेपालको संविधान* । https://lawcommission.gov.np/np/?cat=87

नेपाल सरकार (वि.सं. २०६३) *नेपालको अन्तरिम संविधान, २०६३* । https://lawcommission.gov.np/np/?cat=104

नेपाली सेना, नेपाली सेना रेडियो कार्यक्रम, *नेपाल आर्मी* । https://www.nepalarmy.mil.np/

नेपाली सेना, माटोले माग्दैन आफैले दिनुपर्छ सैनिक कार्यक्रम, भाग ५१३-५३८, युट्युब । https://youtube.com/c/NepaliArmy

नेपाली सेना, सिपाही पाक्षिक, नेपाल आर्मी । https://www.nepalarmy.mil.np/publication

नेपाली सेना (२०२२, अप्रिल १३) माटोले माग्दैन आफैले दिनुपर्छ, भाग ५२५ https://youtu.be/1HyZ4uCvyj4

नेपाली सेना (२०२२, मार्च २) माटोले माग्दैन आफैले दिनुपर्छ, भाग ५२२ । https://youtu.be/AQMQ4dK4IsE

नेपाली सेना (२०२२, फेब्रुअरी १) माटोले माग्दैन आफैले दिनुपर्छ, भाग ५२० https://youtu.be/VHU74I0Nb4c

नेपाली सेना (२०२२, जनवरी ४) माटोले माग्दैन आफैले दिनुपर्छ, भाग ५१८ https://youtu.be/qo2LSGxvH8s

नेपाली सेना (२०२१, डिसेम्बर ८) माटोले माग्दैन आफैले दिनुपर्छ, भाग ५१६ https://youtu.be/qo2LSGxvH8s

नेपाली सेना (२०२१, नोभेम्बर २३) माटोले माग्दैन आफैले दिनुपर्छ, भाग ५१५ https://youtu.be/wf8ascoo7Sw

पोखरेल, कृष्ण (२०१६) नागरिक-सेना सम्बन्धका आयाम । *इकान्तिपुर* https://ekantipur.com/ampnews/2016-03-23/20160323084632.html

पौडेल, प्रद्युम्न (२०२१) नागरिक-सैनिक सम्बन्ध सुदृढीकरणका लागि जनसम्पर्कको दायरा विस्तार गर्न आवश्यक : एक विश्लेषण । सिपाही वार्षिक, ५३(५४), पृ. १०५-१०९ ।

बस्न्यात, प्रेमसिंह (२०२०) नेपालमा नागरिक-सेना सम्बन्धका आयामहरू । *देश सञ्चार* https://deshsanchar.com/2020/04/02/335380/

श्री ५ को सरकार (वि.सं. २०४७) नेपाल अधिराज्यको संविधान, २०४७ । https://lawcommission.gov.np/np/?cat=96